# नेपालमा नागरिकता सम्बन्धी व्यवस्थाः एक अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
राजनीतिशास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षको
दसौं पत्र (५१०-३) को प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी
गंगा बहादुर क्षेत्री
रोल नं. ०६३/११
त्रि.वि.दर्ता नं. ६२८८/०८७
त्रिभुवन विश्वविद्यालय
राजनीतिशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा
२०६८

त्रिभुवन विश्वविद्यालय
पृथ्वीनारायण क्याम्पस
राजनीतिशास्त्र विभाग
पोखरा

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम अनुरूप दशौं पत्रको प्रयोजनार्थ श्री गंगा बहादुर क्षेत्रीले “नेपालमा नागरिकता सम्बन्धी व्यवस्थाः एक अध्ययन” शीर्षकको शोधपत्र मेरो प्रत्यक्ष निर्देशन तथा सुपरिवेक्षणमा तयार गर्नुभएको हो । निकै परिश्रमका साथ तयार गरिएको यस शोधकार्यबाट म पूर्णरुपमा सन्तुष्ट छु । प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६८।२।५

..............................
उप-प्रा. भिमनाथ बराल

शोध-निर्देशक
राजनीतिशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस
पोखरा ।

राजनीतिशास्त्र विभाग

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रम अनुरूप दशौं पत्रको प्रयोजनका लागि श्री गंगा बहादुर क्षेत्रीद्वारा “नेपालमा नागरिकता सम्बन्धी व्यवस्थाः एक अध्ययन” शीर्षकमा तयार पारिएको शोधपत्र उचित ठहरिएकाले स्वीकृत प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

१ विभागीय प्रमुखः सह-प्राध्यापक श्री ध्रुव के.सी.

...........................

२. शोध-निर्देशकः उप-प्राध्यापक श्री भिमनाथ बराल

...........................

३. वाह्य परीक्षकः सह-प्राध्यापक श्री हिमराज गिरी

...........................

४. शोध-संयोजकः उप-प्राध्यापक श्री उमानाथ बराल

...........................

मिति : २०६८।२।१३

# दुई शब्द

जनआन्दोलन भाग -२, को सफलता पश्चात् संविधान सभाको निर्वाचन अगाडि नै नागरिकता सम्बन्धी नीतिमा परिवर्तन गरी हालसम्म नागरिकताबाट वञ्चित नागरिकलाई दिएर मात्र संविधान सभामा जानुपर्ने भनि तराई मधेशमा मधेशवादी दलहरूबाट आन्दोलन भयो । त्यसैको परिणाम स्वरूप नेपाल नागरिकता ऐन २०६३ र नियमावली २०६३ को व्यवस्था गरियो । त्यसै अनुरूप नेपालको अन्तरिम संविधान २०६३, माघ १ गते जारी हुँदा संविधानले समेत ऐनको भावनालाई आत्मसाथ गरी नागरिकता सम्बन्धी व्यवस्थालाई व्यवस्थित गरिएको पाइन्छ । त्यसै अनुरूप २०६३ माघ १ देखि नागरिकता वितरणका लागि देशभरमा नागरिकता वितरण टोली खटाई अभियानको रूपमा नागरिकता प्रमाणपत्र वितरण गरियो जसमा मुलुकभर नागरिकताको प्रमाणपत्र वितरण गरिएको पाइन्छ । यो अभियान शुरुबाट नै निकै विवादको विषयको रूपमा रह्यो र विवाद देखिए जस्तै गरी गैर नागरिकहरू समेत यस अभियानबाट लाभान्वित भएको समेत देख्न र सुन्नमा आयो । त्यसकारण मुलुक संघीय लोकतान्त्रिक शासन पद्दतिमा रूपान्तरण हुँदै गर्दा देशले अख्तियार गरेको नागरिकता सम्बन्धी नीति, यसको विगत र वर्तमानको व्याख्या र विश्लेषणका हेतुबाट 'नेपालमा नागरिकता सम्बन्धी व्यवस्थाः एक अध्ययन' नामक शोधकार्यलाई अगाडि बढाइएको हो ।

यस शोधकार्यमा नेपालमा विगतको नागरिकता सम्बन्धी नीति र अभ्यास तथा वर्तमान समयमा राज्यले अङ्गिकार गरेको नागरिकता सम्बन्धी नीतिले मुलूकमा पार्ने दुरगामी प्रभावका सम्बन्धमा समेत हेर्ने प्रयास गरिएको छ । यसरी, वर्तमान नागरिकता सम्बन्धी नीतिको प्रभाव के कसरी हुन गयो सो सम्बन्धमा समेत व्याख्या गरिएको छ । 'नेपाल नागरिकता ऐन, २०६३' र नियमावली २०६३ जारी भइ लागू हुँदा यस व्यवस्थाको आधारमा प्रवेश गरेका गैर नागरिकहरू र यसको दुरूपयोग भएका घटनाहरूलाई समेत यस शोधकार्यमा समावेश गर्ने प्रयास गरिएको छ । यसको अलावा नेपालमा नागरिकता सम्बन्धमा 'नेपाल नागरिकता ऐन, २००९' र 'नेपालको संविधान, २०१९' मा गरिएको पहिलो संवैधानिक व्यवस्थादेखि हालसम्म जारी भइ लागु गरिएका संवैधानिक एवं कानूनी व्यवस्थाहरूको व्याख्या एवं विश्लेषणात्मक अध्ययनको प्रयास यस शोधकार्यमा गरिएको छ ।

यस शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य समय, सुझाव तथा सल्लाह सहित निर्देशन गर्नुहुने आदरणीय गुरु उप-प्राध्यापक श्री भीमनाथ बरालप्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै शोधकार्यमा मलाई निरन्तर सल्लाह, सुझाव प्रदान गरी मेरो व्यक्तिगत निश्क्रियतामा समेत निकै घच्घच्याउँदै शोधलाई यो अवस्थामा ल्याउन सहयोग गर्नुहुने राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस पोखराका विभागीय प्रमुख तथा अन्य गुरूहरूप्रति म ऋणी छु । यसरी नै शोधकार्यका लागि आवश्यक पाठ्यसामग्री संकलनमा सहयोग गर्नुहुने दाजु दयाराम ढकाल तथा सर्वेक्षणमा सहभागी भै सहयोग गर्नुहुने महानुभावहरूप्रति धन्यवाद ज्ञापन नगरी रहन सक्दिन । शोधकार्यको शिलशिलामा आवश्यक पाठ्य-सामग्री उपलब्ध गराएर सहयोग गर्ने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पृथ्वीनारायण क्याम्पस पोखरा तथा पोखरा सार्वजनिक पुस्तकालय, भीमसेन चोक पोखराप्रति म आभारी छु । त्यसैगरी कम्प्युटरसम्बन्धी कार्य समय मै गरी सहयोग गर्नुहुने कञ्चन कम्प्युटरकी शकुन्तला कुँवरप्रति पनि धन्यवाद व्यक्त गर्दछु ।

गंगा बहादुर क्षेत्री
राजनीतिशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस पोखरा ।

# शोध-सार

नागरिकता भन्नाले राज्यको पूर्ण सदस्यतालाई बुझिन्छ । नागरिकता एक राजनीतिक अवधारणा हो । राष्ट्र र त्यस देशका बासिन्दाबीचको राजनीतिक सम्बन्धलाई नागरिकताले निश्चित गर्दछ । नागरिक तथा राजनीतिक अधिकार प्रयोग गर्न पाउने तथा सम्बन्धित राष्ट्रप्रति विशेष कर्तव्यहरू प्रदान गरिएका राजनीतिक व्यक्तिलाई नागरिक भनिन्छ । प्राचीन ग्रीस कालीन विद्वान प्लेटो तथा अरस्तुद्वारा समेत नागरिकको परिभाषा गरिएको पाइन्छ । त्यस समयमा राज्यहरू नगर राज्यहरूको रूपमा विभाजित भएको पाइन्छ । त्यस्तैगरी जब १७औं, १८औं शताब्दीतिर राष्ट्रिय राज्यको भावनाको विकास भयो तत्पश्चात् नागरिकता सम्बन्धी धारणामा परिवर्तन भएको पाइन्छ । यसपछि नागरिक र नागरिकता सम्बन्धी धारणा र सोचाई विकसित हुँदै आएको पाइन्छ ।

नेपालको नागरिकता सम्बन्धी व्यवस्थाको सन्दर्भमा हेर्दा प्रजातन्त्रको स्थापना पश्चात् वि.सं. २००९ सालमा जारी 'नेपाल नागरिकता ऐन, २००९' संगसंगै शुरु भएको पाइन्छ । यसरी कानूनी रूपमा शुरु भएको व्यवस्थालाई वि.सं. २०१९ सालमा जारी भएको 'नेपालको संविधान, २०१९' ले मात्र नागरिकको नागरिकता अर्थात् राष्ट्रियता सम्बन्धी अधिकारलाई संवैधानिक रूपमा स्थापित गरेको पाइन्छ तापनि उत्तर र दक्षिण तर्फ दुई ( जनसंख्या र भूगोलका आधारमा) छिमेकी मुलूकका खुल्ला सिमाना तथा सांस्कृतिक र सामाजिक एकरूपताका कारण नागरिकता वितरण सम्बन्धी कार्य एक समस्या र चुनौतीको रूपमा शुरु देखि नै अहिलेसम्म देखिदै आएको पाइन्छ । नागरिकता वितरणका लागि राज्यको तर्फबाट गढीगौंडा, गोश्वारा मजिष्ट्रेड अड्डा काठमाडौं, अंचलाधिशको कार्यालय, गृहमन्त्रालय, जिल्ला प्रशासन कार्यालय, इलाका र सिमा प्रशासन कार्यालयहरूका अतिरिक्त समयसमयमा नागरिकता वितरण टोलीहरू खटाई जनताको घरदैलोमा नै नागरिकताको प्रमाण पत्र वितरण गर्ने नीतिसमेत अवलम्वन गर्ने गरिएको पाइन्छ । तथापी नागरिकता प्रमाण पत्र वितरण प्रक्रिया सर्वसुलभ हुन सकेको भने पाइदैन ।

विगतमा अर्थात् जनआन्दोलन भाग-२ अगाडि नेपालको नागरिकता सम्बन्धी समस्या आवधिक निर्वाचनको मुद्धाको रूपमा मात्र उठ्ने गरेकोमा लोकतन्त्रको स्थापना पश्चात् मधेशवादी दलहरूले नागरिकता सम्बन्धी विषयलाई प्रमुख राष्ट्रिय मुद्धाको रूपमा उठाई मधेशका अधिकांश नेपालीलाई नागरिकता नदिई राष्ट्रियता विहिन गराएको आरोप लगाउन पुगे । यसका अलावा गैर आवासीय नेपालीहरूले पनि नेपालको नागरिकता कायम रहनु पर्ने माग राखेका छन् । जुन हालको संवैधानिक व्यवस्थामा कतै देखिदैन । यो नेपालको लागि विल्कुलै नयाँ अवधारणा हो । यसै पृष्ठभूमिमा नेपाल सरकारले २०६३

सालमा नागरिकता सम्बन्धी नयाँ नीतिको अख्तियार गऱ्यो जसको विरोध राष्ट्रवादी आम नेपालीबाट भयो तथापी राजनीतिक दलहरूले भोट बैंकको रूपमा रहेको मधेश आफ्नो पक्षमा रहोस् भन्ने अपेक्षा गरेको देखिन्छ । जसबाट यो नीतिको व्यापक दुरूपयोग भई थुप्रै गैर नागरिकले नेपाली नागरिकता लिन पुगे ।

यसै सन्दर्भमा राजनीतिशास्त्रको विद्यार्थीको नाताबाट विशेष गरेर छिमेकी राष्ट्रबाट नेपालको राष्ट्रिय सिमानाको अतिक्रमणको बारेमा अध्ययन अनुसन्धान गरी ठोस कदम चाल्नु जति आवश्यक छ त्यतिकै रुपमा महत्वपूर्ण विषयको रुपमा रहेको नेपालमा नागरिकता सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था, यी व्यवस्थाले निम्त्याएका अप्ठ्यारा र तिनको प्रभाव तथा संवैधानिक एवं कानूनी व्यवस्थाका सबल र कमजोर पक्षहरू तथा नागरिकता सम्बन्धी मुद्धा र त्यसको औचित्यको अध्ययन अनुसन्धान गर्नु त्यत्तिकै आवश्यक देखिएकोले नेपालमा नागरिकता सम्बन्धी मौजुदा संवैधानिक एवं कानूनी व्यवस्थाको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको मुख्य उद्देश्य रहन गएको छ ।

यस शोधकार्य अध्ययनमा नेपालमा नागरिकता सम्बन्धी नीति र नागरिकता वितरणको सर्वसुलभ प्रकृया के कस्ता हुन सक्दछन् भन्ने शोध अध्ययनको मूल विषयवस्तु भएकाले प्रस्तुत अध्ययनको अध्ययन ढाँचा विवरणात्मक र व्याख्यात्मक रहेको छ । यस अध्ययनमा आवश्यक सूचनाहरू र तथ्यहरू प्राथमिक र द्वितीय दुवै स्रोतबाट संकलन गरिएको छ । त्यसैगरी शोधकार्यमा विभिन्न राजनीतिक दलहरूको नागरिकता सम्बन्धी दृष्टिकोणलाई समेत समेट्ने प्रयत्न गरिएको छ । तथापि दलहरूले आफ्नो घोषणापत्रहरूमा खासै प्रष्ट दृष्टिकोण राखेको पाइदैन र 'नेपाल नागरिकता ऐन, २०६३' व्यवस्थापिका संसदबाट समेत पारित भएको देखिंदा त्यही नै ती पार्टीहरूको दृष्टिकोण हो भन्न सकिन्छ तापनि यसमा नेपाल मजदूर किसान पार्टी र राष्ट्रिय जनमोर्चाको भने असहमति रहेको देखिन्छ । नागरिकता सम्बन्धमा विभिन्न विद्वान्हरूका लेख, रचना र नागरिकता वितरण कार्यमा संलग्न प्रशासकहरू एवं पत्रपत्रिकामा प्रकाशित लेख-रचनाहरूलाई समेत नियाल्दा वर्तमान नागरिकता सम्बन्धी व्यवस्था समस्याको पहिचान र समस्याको वर्गिकरण नगरिकन आएको देखिन्छ ।

यसै वास्तविकतालाई आधार बनाएर जनमत सर्वेक्षण गरी तथ्याङ्कको संकलन गरिएकोमा प्राप्त तथ्याङ्कले निम्नानुसारको चित्र प्रस्तुत गरेको देखिन्छ । नागरिकता वितरण सम्बन्धमा सबैभन्दा उपयुक्त आधार के हो भन्ने प्रश्नमा २/३ अभिमतले वंशजको आधार नै उपर्युक्त भएको भन्ने देखाएको छ । १/१ जनाबाट अर्थात् ३.३३% जनमतले जन्म र अङ्गिकृतको आधारमा रहेको देखाएको छ । नेपालमा जन्म भै स्थायी रूपमा बसोबास गर्दै आएका व्यक्तिहरूलाई नागरिकता दिने भनि गरिएको वर्तमान संवैधानिक व्यवस्थाका

सन्दर्भमा सोधिएको प्रश्नमा ७३.६७% अभिमत यो व्यवस्था बेठीक छ, यसले समस्या समाधान गर्दैन बरु जटिलता थप्दछ भन्ने भनाइ रहन आएको छ भने २०% अभिमतले यो समस्या समाधान गर्ने एक मात्र राम्रो र उपर्युक्त उपाय हो भनेको पाइन्छ । त्यस्तैगरी, नागरिकता वितरण प्रक्रियाको सम्बन्धमा सोधिएकोमा प्रक्रिया सरल नै भएको तथा वितरण कार्य स्थानीयस्तरमा वा टोलीको माध्यमबाट भए अझ सुविधा हुने अभिमत प्राप्त भएको पाइयो । जनसंख्या वृद्धि समस्याको रूपमा रहेको अवस्थामा अङ्गिकृत नागरिकताको व्यवस्था संवैधानिक रूपमा रहेकोमा यसमा उत्तर दाताले यो व्यवस्था सकारात्मक रूपमा स्वीकार गरेको देखिन्छ । वर्तमान संवैधानिक एवं कानूनी व्यवस्थाका आधारमा विदेशी समेत नागरिकता प्राप्त गर्न सफल भएको घटनाहरू भेटिएको हुँदा अधिकांश उत्तरदाता यी व्यवस्था ठीक छैन विद्यमान नीतिमा सुधार हुनुपर्छ भन्ने पक्षमा रहेको पाइयो ।

नागरिकता प्राप्त गर्न व्यक्तिमा निश्चित अधिकार र दायित्वहरू रहेका हुन्छन् । त्यसैकारण आर्दश नागरिक बनाउनका लागि विद्यालयस्तरबाट नागरिक शिक्षा र जनचेतनाको कार्यक्रम आवश्यक रहेको भन्ने अधिकांश उत्तरदाताको अभिमत रहेको पाइयो । दोहोरो नागरिकताको व्यवस्था र त्यसको प्रभाव सम्बन्धमा सोधिएकोमा दोहोरो नागरिकताको व्यवस्था उपर्युक्त हुँदैन र यसबाट अपराधीहरूले प्रश्रय पाउँदछन् र देशको पूँजि पलायन हुने संभावना रहन्छ भन्ने धारणा रहेको पाइयो । गैर-आवासिय नेपालीहरूले नेपालको आर्थिक प्राविधिक र लगायत विविध क्षेत्रमा सहयोग पुऱ्याएको र सो सहयोगको निरन्तरताका के गर्नुपर्छ भन्ने सम्बन्धमा सजिलै नेपाल आगमनको व्यवस्था र लगानी मैत्री वातावरणको आवश्यकता रहेको धारणा रहेको देखियो । त्यसैगरी नागरिकता वितरणका विषयमा मधेशवादीहरूले पहिले देखिनै चर्को आवाज उठाउँदै आएको सन्दर्भमा खुल्ला सिमानाको कारण र दलहरूको विदेश परस्त नीति नै भएकोमा ८३.३३% मत देखियो ।

नेपाल नागरिकता ऐन २०६३ को आगमनसँगै थुप्रै व्यक्तिले नागरिकताको प्रमाणपत्र लिए । यो संख्या मधेशका जिल्लाहरूमा अपेक्षाकृत बढी रहनुको कारण के होला भनी सोधिएकोमा खुकुलो नागरिकता नीति र गैर नागरिकले नागरिकता निकाल्ने भन्नेमा ८३.३३% अभिमत प्राप्त । २०३३ को नागरिकता सम्बन्धी नीतिले नागरिकता लिने संख्यामा अस्वभाविक वृद्धि गरायो । यसको प्रभाव सम्बन्धमा सोधिएकोमा राजनीतिक अस्थिरता बढ्दछ भन्नेमा ४३.३३% सामाजिक एंव अपराधीक घटनाहरूमा वृद्धि हुनु भन्नेमा २३.३३ र दोहोरो नागरिकताको समस्या आउँदैछ भन्नेमा २३.३३% अभिमत देखिन्छ । अर्थात् यसले हरेक क्षेत्र प्रभावित हुन सक्ने भन्ने धारणा प्राप्त भएको देखियो । नेपालमा संघीय शासन पद्दति लागू भएपछि नागरिकता वितरण प्रणाली कस्तो हुनु उपर्युक्त होला भनी सोधिएकोमा मिश्रित धारणा आएको देखिन्छ जसअनुसार केन्द्रबाट मात्र वितरण गर्ने भन्नेमा १३.३३%

प्राप्त वा प्रदेशबाट मात्रै वितरण हुनु पर्दछ भन्नेमा २०% स्थानीय निकायबाट भन्नेमा ४३.३३% र केन्द्र र प्रान्त हुँदै अर्थात् दोहोरो व्यवस्था भन्नेमा १६.६७% अभिमत देखा परेको छ ।

लोकतान्त्रिक आन्दोलनपछि जारी भएको 'नेपालको अन्तरिम संविधान, २०६३' र 'नेपाल नागरिकता ऐन एवम् नियामावली, २०६३ जारी भएपछि नागरिकता सम्बन्धी विषय निकै विवादित मुद्धाको रुपमा देखा पऱ्यो । यस सम्बन्धमा आम नागरिकको धारणा बुझ्ने प्रयास गरिएकोमा विद्यमान नागरिकता नीतिको सम्बन्धमा आम नागरिकमा नकारात्मक धारणा रहेको तथा यो नीतिमा परिवर्तन र सुधार गरी यसलाई समय सापेक्ष रूपमा अगाडि बढाउनुपर्ने देखिन्छ ।

नेपालमा नागरिकता सम्बन्धी नीतिगत अवधारणाको विकास २००७ सालको क्रान्तिपछि मात्रै भएको र यसपछिका दिनहरुमा थुप्रै संवैधानिक एवं कानूनी व्यवस्थाद्वारा यस विषयलाई व्यवस्थित गर्ने प्रयास भएको पाइन्छ । तर हालसम्मका व्यवस्थालाई नियाल्दा यस विषयमा गरिएका व्यवस्थाहरुले उतारचढावको रुप लिनुले स्वयम् राज्य व्यवस्था यस सवालमा गम्भिर हुन नसकेको प्रष्ट हुन आउँछ । यसको अलावा नागरिकता सम्बन्धी सवाल एक प्रमुख राजनीतिक मुद्धाको रुपमा उठ्दै आएको तर राजनीतिक दलहरु यस सम्बन्धमा आफ्नो स्पष्ट नीति अवलम्वन गर्नुभन्दा पनि चुनावी राजनीतिबाट प्रभावित भइ आफ्नो दृष्टिकोण निर्माण गर्ने गरेको देखिन्छ । साथसाथै मूलुकको राजनीति परिदृश्यमा छिटोछिटो भएका परिवर्तनहरु र खासगरी दोस्रो जनआन्दोलनपछि राजनीतिक चासोको केन्द्रको रुपमा मधेश क्षेत्र रहेको र उक्त क्षेत्रको मूल मुद्धाको रुपमा नागरिकता सम्बन्धी विषय रहनुले यस सम्बन्धी स्पष्ट दृष्टिकोण न राजनीतिक दलहरुले नै राख्न सकेको देखियो न राज्यले ! यस मुद्धाको सहज समाधान गर्न सक्षम रह्यो । परिणाम स्वरुप यो विषय अहिले पनि विवादित राष्ट्रिय मुद्धाको रुपमा रहनुका अतिरिक्त थुप्रै समस्याहरु समेत निम्त्याएको तथ्य अनुसन्धानले देखाएको छ । तसर्थ नागरिकता सम्बन्धी विषय राज्यको हरेक क्षेत्रमा दुरगामी प्रभाव पार्ने सवाल भएकाले यस सम्बन्धमा मुलूकका राजनीतिक दलहरुको स्पष्ट नीति रहनु आवश्यक छ । मौजुदा नागरिकता सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था एवं बेलाबेलामा यस सम्बन्धमा राज्यले अख्तियार गरेका नीतिले खुल्ला सिमाना रहेको नेपाल जस्तो मुलूकका लागि दुरगामी असर पार्न स्वतः सिद्ध छ । तसर्थ मौजुदा संवैधानिक एवं कानूनी व्यवस्थाहरुमा रहेका त्रुटिपूर्ण व्यवस्थाहरुलाई तत्काल सुधार गर्नुपर्ने शोधको निश्कर्ष रहेको छ ।

# संक्षेपीकरण

| | |
|---|---|
| इ.सं. | : इस्वी सम्वत् |
| उ.म.न.पा. | : उपमहानगरपालिका |
| एमाले | : एकिकृत मार्क्सवादी लेनीनवादी |
| ऐ.ऐ. | : ऐजन, ऐजन |
| गा.वि.स. | : गाउँ विकास समिति |
| डा. | : डाक्टर |
| त.म.लो.पा. | : तराई मधेश लोकतान्त्रिक पार्टी |
| दो.सं. | : दोस्रो संस्करण |
| नं. | : नम्बर |
| न.पा. | : नगरपालिका |
| ना.प्र.प.नं. | : नागरिकता प्रमाणपत्र नम्बर |
| ने.क.पा. | : नेपाल कम्युनिष्ट पार्टी |
| प्र.जि.अ. | : प्रमुख जिल्ला अधिकारी |
| पृ. | : पृष्ठ |
| वि.सं. | : विक्रम सम्वत् |
| भू.पू. | : भूतपूर्व |
| म.न.पा. | : महानगरपालिका |
| रु. | : रुपियाँ |
| सि. नं. | : सिरीयल नम्बर |
| % | : प्रतिशत |

# विषय-सूची


पृष्ठ

*सिफारिस-पत्र* (क)
*स्वीकृति-पत्र* (ख)
*दुई शब्द* (ग)
*शोधसार* (घ)
*संक्षेपीकरण* (ङ)
*विषय-सूची* (च)
*तालिका-सूची* (छ)

## परिच्छेद - एक १-९
शोधपत्रको परिचय १
१. परिचय १
१.२ समस्याको कथन ४
१.३ अध्ययनको उद्देश्य ४
१.४ अध्ययनको विधि ५
१.५ पूर्व साहित्य समीक्षा/पूर्व अध्ययन कार्यको विवरण ६
१.६ अनुसन्धानको औचित्य र महत्व ७
१.७ शोधकार्यको सीमा ८
१.८ शोधकार्यको स्वरूप ९

## परिच्छेद - दुई १०-४५
नागरिकता सम्बन्धी सैद्धान्तिक अवधारणा १०
२.१ नागरिकताका प्राप्तिका आधारहरू १३
२.१.१ वंशको आधार १३
२.१.२ जन्मको आधार १४
२.१.३ अङ्गिकरणको आधार १४
२.१.४ छनौटको आधार १५
२.१.५ भौगोलिक क्षेत्र गाभिंदाको आधार १५
२.२ नागरिकता समाप्तिका आधारहरू १५
२.२.१ परित्याग १५
२.२.२ लोप १६
२.२.३ निष्कासन/वञ्चित १६
२.२.४ सम्मानार्थ नागरिकता १६
२.३ नागरिकका अधिकार र कर्तव्यहरू १७

२.४ नागरिकता र अन्तर्राष्ट्रिय कानून १८
२.५ विश्वका केही मुलूकको नागरिकता सम्बन्धी व्यवस्थाको तुलनात्मक अध्ययन १९
२.५.१ नागरिकता सम्बन्धी भारतीय व्यवस्था १९
२.५.२ नागरिकता सम्बन्धी अमेरिकी व्यवस्था २०
२.५.३ नागरिकता सम्बन्धी बेलायती व्यवस्था २०
२.५.४ जनवादी गणतन्त्र चीनमा नागरिकता सम्बन्धी व्यवस्था २१
२.६ नेपालमा नागरिकता सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था २१
२.६.१ नेपालमा नागरिकता सम्बन्धी व्यवस्था २२
२.६.१.१ नेपाल नागरिकता ऐन, २००९ २२
२.६.१.२ नेपालको नागरिकता नियम, २००९ २४
२.६.२ नेपालको संविधान, २०१९ २५
२.६.३ नेपाल अधिराज्यको संविधान, २०४७ २६
२.६.४ नेपाल नागरिकता ऐन, २०२० २७
२.६.५ नेपाल नागरिकता नियमावली, २०४९ २८
२.६.६ नेपालको अन्तरीम संविधान, २०६३ २९
२.६.७ नेपाल नागरिकता ऐन, २०६३ ३१
२.६.८ नेपाल नागरिकता नियमावली, २०६३ ३४
२.६.९ नागरिकताको प्रमाणपत्रको वितरण कार्यविधि निर्देशिका, २०६३ ४२

**परिच्छेद - तीन ४६-६४**

नागरिकता सम्बन्धी नीतिका सम्बन्धमा राजनीतिक दलहरूको दृष्टिकोण—४६
नेपालमा नागरिकता सम्बन्धमा विकसित भएका विवादका प्रमुख कारकहरु ५६
३.१ ने.क.पा.माओवादीको ५९
३.२ नेपाली काँग्रेस ६०
३.३ ने.क.पा.(एमाले) ६०
३.४ मधेशी जनअधिकार फोरम (नेपाल) ६१
३.५ तराई-मधेस लोकतान्त्रिक पार्टी ६१
३.६ राष्ट्रिय जनमोर्चा ६२

**परिच्छेद - चार ६५-८७**

नागरिकता सम्बन्धी जनमत

**परिच्छेद- पा“च ८८-९७**

निष्कर्ष र सुझावहरू ८८
५.१ निष्कर्ष ८८
५.२. सुझावहरू ९४
*सन्दर्भ सामग्रीहरू* ९८

*अनुसूची*

# तालिका सूची


| तालिका | *पृष्ठ* |
|---|---|
| ४.१ : नागरिकता प्राप्त गर्ने उमेरसम्बन्धी उत्तरदाताको जवाफ | ६६ |
| ४.२ : नागरिकता वितरणको उपर्युक्त आधारसम्बन्धी जवाफ | ६७ |
| ४.३ : २०४६ साल चैत्र मसान्तसम्म नेपालमा जन्म भई नेपालमा स्थायी रुपमा बसोबास गर्दै आएका व्यक्तिलाई नागरिकता दिने वर्तमान संवैधानिक व्यवस्था सम्बन्धमा प्राप्त अभिमत | ६८ |
| ४.४ : जन्मको आधारमा नागरिकताको प्राप्ति सम्बन्धमा प्राप्त अभिमत | ७० |
| ४.५ : विद्यमान नागरिकता वितरण प्रकृयासम्बन्धी अभिमत | ७१ |
| ४.६ : नेपाली राष्ट्र निर्माणमा वर्तमान नागरिकता नीतिसम्बन्धी धारणा | ७३ |
| ४.७ : नागरिकलाई आदर्श बनाउन के गर्नुपर्छ भन्ने प्रश्नमा उत्तरदाताको जवाफ | ७४ |
| ४.८ : गैर आवासीय नेपालीहरुलाई नागरिकता दिने सम्बन्धमा उत्तरदाताको जवाफ | ७५ |
| ४.९ : गैर आवासीय नेपालीको योगदानलाई उपयोग गर्ने सम्बन्धमा उत्तरदाताको व्यक्त विचार | ७७ |
| ४.१० : नागरिकता सम्बन्धमा मधेशवादी दलहरूको विशेष जोडका वारेमा उत्तरदाताहरूको जवाफ | ७८ |
| ४.११ : नागरिकता लिनेको संख्या मधेशमा बढी हुनुको कारण सम्बन्धमा उत्तरदाताको दृष्टिकोण | ८१ |
| ४.१२ : २०६३ को नागरिकता सम्बन्धी नीतिका प्रभावहरू सम्बन्धमा उत्तरदाताको व्यक्त विचार | ८३ |
| ४.१३ : संघीय व्यवस्थामा उपर्युक्त नागरिकता वितरण प्रणालीसम्बन्धी व्यक्त विचार | ८४ |